**सुनापति गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः (क) रामेछाप,वागमती प्रदेश  नेपाल, संख्या १
मितिः २०७८/०७/२३

# भाग–३

# सुनापति गाउँपालिकाको कार्यालय

**हिलेदेवी, रामेछाप ।**

**वागमती प्रदेश**

**सुनापति गाउँकार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्बत २०७८ सालको ऐन/नियमावली/कार्यविधी/निर्देशिका नं. १२**

# सुनापतिगाउँपालिकाको बाँझोपननिवारणघुम्ती/घरदैलो तथापशु स्वास्थ्यशिविर सञ्चालनकार्यविधि, २०७८

## पृष्ठभूमी

पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पत्तिको रुपमाविश्वमा हेरिदै आएको वर्तामान परिप्रेक्षमा यस सुनापतिगाउँपालिकामाहालपशु सेवाशाखा र पशु सेवा केन्द्र मार्फत पशु स्वास्थ्य सेवाप्रदानगर्दै आईरहेको छ । सुनापतिगाउँपालिकामाव्यवसायिक रुपमापशुपालनको बृद्धिसँगै पशु स्वास्थ्यतर्फ विशेषज्ञको मागबढ्दै गएको वर्तमान सन्दर्भलाई दृष्टिगत गरी यस कार्यक्रममार्फत पशु पालनको वडा /पकेट क्षेत्रमै सबै क्षेत्रकाविशेषज्ञहरुको उपस्थितिमाबाँझोपननिवारणतथापशु स्वास्थ्यशिविर सञ्चालनगर्ने अभिप्रायले सुनापतिगाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ र सुनापतिगाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ को दफा ४ को व्यवस्थाअनुरुप"**सुनापतिगाउँपालिकाको बाँझोपन निवारणघुम्ती/घरदैलो तथापशु स्वास्थ्यशिविर सञ्चालनकार्यविधि, २०७८**"जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम"**सुनापतिगाउँपालिकाको बाँझोपन निवारणघुम्ती/घरदैलो तथापशु स्वास्थ्यशिविर सञ्चालनकार्यविधि, २०७८**"रहेको छ ।

ख) यो कार्यविधि सुनापति गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाटलागु हुनेछ ।

**२. परिभाषाः**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ***"गाउँपालिका"***भन्नाले सुनापति गाउँपालिका सम्झनु पर्नेछ ।

(ख) ***"कार्यालय"***भन्नाले सुनापतिगाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) ***"शाखा"***भन्नाले सुनापतिगाउँपालिकाको पशु सेवाशाखा सम्झनु पर्दछ ।

(घ) ***"सेवा केन्द्र"*** भन्नाले सुनापतिगाउँपालिकाअन्तर्गत सञ्चालनमा रहेकापशु सेवा केन्द्र सम्झनु पर्नेछ ।

(ङ) ***"कार्यविधि"***भन्नाले "सुनापति गाउँपालिकाको बाँझोपन निवारणघुम्ती/घरदैलो तथापशु स्वास्थ्यशिविर सञ्चालनकार्यविधि, २०७८"सम्झनु पर्नेछ ।

**३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहायबमोजिमहुनेछ ।

(क) सुनापतिगाउँपालिकाको नीतितथाकार्यक्रमप्रभावकारी रुपमाकार्यान्वयनगर्ने ।

(ख) व्यवसायिकपशुपालनको पकेट क्षेत्र/वडामै कृषक उद्यमीहरुलाई आवश्यक पर्ने बाँझोपन निवारणतथा सम्पूर्ण पशु स्वास्थ्य सेवा (उपचार, खोप सेवा, गाइनाकोलोजिकल सेवा, रोग निदान, सर्जिकल सेवाआदि) बाँझोपन निवारणघुम्ती/घरदैलो तथापशु स्वास्थ्यशिविरको माध्यमबाटउपलब्ध गराउने ।

(ग) पशुपन्छीका रोगहरुको निदान, उपचार र नियन्त्रणमा सहयोग पुऱ्याउने ।

(घ) पशु स्वास्थ्यतथा भेटेरिनरी जनस्वास्थ्य सम्बन्धमाजनचेतनाजगाउने ।

परिच्छेद २

## ४. कार्यक्रम सञ्चालनप्रकृयाः

४.१ शिविर सञ्चालनगर्नुपूर्व पशु सेवाशाखाले सम्बन्धितवडाकार्यालय र पशु सेवा केन्द्रसँग समन्वय गरी तहाँको आवश्यकताअनुसार शिविर सञ्चालनगर्न स्थानछनौट गर्नेछ ।

४.२ पशु सेवा केन्द्रले आफ्नो वडाको आवश्यकताअनुसार (त्यस क्षेत्रका समूह, समितिको मागएवं सेवाको पहुँचतथाअपरिहार्यता) शिविर सञ्चालनको लागि स्थानतोकिपशु सेवाशाखालाई जानकारी गराउनेछ ।

४.३ पशु सेवाशाखाले शिविर सञ्चालनको मिति र स्थान सम्बन्धित सेवा केन्द्र र आवश्यकताअनुसार त्यस स्थानका समूहतथा सहकारीलाई जानकारी गराउनेछ ।

४.४ पशु सेवाशाखाले कार्यक्रम सञ्चालनहुन १ हप्ताअगावै स्थानीय सञ्चार माध्यम, रेडियो, पोष्टर, पम्पलेट आदिको माध्यमबाटप्रचारप्रसार गर्नेछ ।

४.५ पशु सेवाशाखाले विशेषज्ञटोली सहितशिविरकालागिआवश्यक पर्ने औषधी, भ्याक्सिनतथाअन्य सामग्रीहरुको व्यवस्थापनगर्नेछ ।

४.६ विशेषज्ञटोलीमाशाखाको आवश्यकताअनुसार कार्यालय, केन्द्रीयपशु चिकित्सालय, भेटेरिनरी प्रयोगशाला, भेटेरिनरी शिक्षण संस्थान, पशु स्वास्थ्यअनुसन्धान र निजी क्षेत्रमाकार्यरत पशु चिकित्सा क्षेत्रकाविज्ञहरु हुनेछन् ।

४.७एउटाशिविरमा साना र ठूला गरी कम्तिामा १०० पशुलाईआवश्यकपशु स्वास्थ्य सेवाउपलब्ध गराउनु पर्नेछ ।

**परिच्छेद-३**

**५. आर्थिक कार्यविधि**

५.१ शिविर सञ्चालनको लागिअवाश्यक सम्पूर्ण कृयाकलापहरु १ लाख रुपैया  सम्ममा सम्पन्नगर्नुपर्नेछ । जस अनुरुपतपशिलबमोजिमका रहनेछन् ।

**तपशिल**

| क.सं. | कृयाकलापहरु | लागत रु. |
|---|---|---|
| १. | पशु स्वास्थ्यशिविर सम्बन्धीप्रचार प्रसार | ७,०००। |
| २. | तुल/व्यानर | ३,०००। |
| ३. | औषधी, खोप तथाअन्य सामाग्रीव्यवस्थापन | ७०,०००। |
| ४. | चियापानखर्च (औपचारिक कार्यक्रम समेत) | ७,०००। |
| ५. | अस्थायी ट्रेभिजनिर्माणतथाअन्यलजिस्टिकव्यवस्थापन | ७,०००। |
| ६. | घर दैलो सेवाप्रयोग हुने सवारी इन्धनखर्च | ६,०००। |
| | **जम्मा** | **१,००,०००।** |

५.२ शिविरकालागिशाखाबाटखटिएकाअधिकृत तथाप्राविधिककर्मचारीहरु तथाआवश्यकताअनुसार विज्ञहरुको दैनिकतथाभ्रमणभत्ताको व्यवस्थापनप्रचलितआर्थिक नियमानुसार गाउँपालिकाको कार्यालयले गर्नेछ ।

**परिच्छेद - ४**

**६. आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा लेखांकन, लेखा परीक्षणतथाआर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधिनिमावली, २०६४ सार्वजनिकखरिद ऐन, २०६३ तथा सार्वजनिकखरिद नियमावली, २०६४ बमोजिमगरिनेछ ।

**७. अनुगमन, मूल्यांकनतथाप्रतिवेदन सम्बन्धीव्यवस्था :**

यस कार्यक्रमको अनुगमनआर्थिक विकास समिति रशाखाले गर्नेछ र सोको मासिकप्रतिवेदन र प्रगतिगाउँपालिकामा पेश गर्नुपर्नेछ । मासिक, चौमासिकतथाप्रगतिप्रतिवेदनलगायतकाउपलब्धीहरु शाखामार्फात गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**८. थपघटवा हेरफेर गर्न सक्नेः**

१) यो कार्यविधिकार्यान्वयनलाई थपव्यवस्थित र प्रभावकारी बनाउनगाउँपालिकाले आवश्यकताअनुसार यस कार्यविधिमाथपघट, हेरफेर तथाखारेज गर्न सक्नेछ ।

२) यस कार्यविधिको कार्यान्वयनमाकुनै बाधाआवरोध र अस्पष्टताआएमात्यस्तो बाधाअवरोध फुकाउने प्रयोजनको लागिगाउँपालिकाले आवश्यकताअनुसार व्याख्यागर्न सक्नेछ ।